गोरखा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या: १ मिति: २०८०/०४/५

भाग: १

# गोरखा नगरपालिकाको विनियोजन ऐन, २०८०

गोरखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डुम्रिडाँडा, गोरखा

गण्डकी प्रदेश, नेपाल

बाहौ नगरसभावाट स्वीकृत मितिः २०८०।०३।१०

# गोरखा नगरपालिकाको विनियोजन ऐन, २०८०

गोरखा नगरपालिकाको आर्थिक बर्ष २०८०/२०८१को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

**प्रस्तावनाः** गोरखा नगरपालिकाको आर्थिक बर्ष २०८०/२०८१को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोरखा नगपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम "गोरखा नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८०।०४।०१ देखि लाग हुनेछ ।

३.**आर्थिक वर्ष** २०८०/२०८१**को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः

(१)आर्थिक वर्ष २०८०/२०८१को निमित्त नगरकार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु १,००,३२,६५,०००।००(अक्षेरुपी एक अर्व बत्तिस लाख पैसठ्ठी हजार रुपैया मात्र)**मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

(२). **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/२०८१को निमित्त.नगरपालिकाको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची १**

गोरखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,गोरखा

आर्थिक वर्ष २०८०।०८१ को आय अनुमान

| क. स. | श्रोत विवरण | वजेट शीर्षक | आ.व. २०८०/०८१ को अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | |
| १.१ | संघिय सरकार | वित्तीय समानीकरण अनुदान | २१२२०००००।०० | |
| | | सशर्त अनुदानचालु | ३६४३०००००।०० | |
| | | सशर्त अनुदानपुँजिगत | २३६००००००।०० | |
| | | विशेष अनुदान | १००००००००।०० | |
| | | समपुरक अनुदान | ८०००००००।०० | |
| १.२ | प्रदेश सरकार | वित्तीय समानीकरण अनुदान | ३२४५८०००।०० | |
| | | सशर्त अनुदान | ०।०० | |
| | | विशेष अनुदान | ०।०० | |
| | | समपुरक अनुदान | १००००००००।०० | |
| २. | **राजश्व वाँडफाँड** | | | |
| २.१ | | संघिय सरकार | १२१२६८०००।०० | |
| २.२ | | विद्युत रोयल्टी | १००००००००।०० | |
| २.३ | | प्रदेश सरकार | १७३३९०००।०० | |
| ३. | **आन्तरिक आय** | | ५७६००००००।०० | |
| ४. | **घर जग्गा रजिष्ट्रेसन** | | ९०००००००।०० | |
| ५. | **जनसहभागिता** | | १००००००००।०० | |
| ६. | **क्रमागत योजना** | | ७००००००००।०० | |
| ७. | **सडक वोर्ड नेपाल** | | ७५०००००।०० | |
| ८. | नगर विकास कोष | | ४००००००००।०० | |
| **कुल जम्मा** | | | १००३२६५०००।०० | |

प्रमाणिकरण मिति: २०८०।०३।१०

आज्ञाले
कमल प्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत
गोरखा नगरपालिका गोरखा ।